# संघीय संसद
# प्रतिनिधि सभा

छैठौं अधिवेशन

बैठक संख्या - २

सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल वैशाख २८ गते आइतबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० परराष्ट्र मन्त्री श्री प्रदीप कुमार ज्ञवालीले छिमेकी राष्ट्र भारतले नेपालको भूभागमा पर्ने लिपूलेकबाट चीन जोड्ने सडक निर्माण गरेको भन्ने विषय र नेपाल सरकारबाट सो सम्बन्धमा भएको कुटनीतिक पहलका सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम मा० मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नु भएको प्रश्नको मा० परराष्ट्र मन्त्री श्री प्रदीप कुमार ज्ञवालीले जवाफ दिनुभयो ।

१. मा० श्री गणेश सिंह ठगुन्ना
२. मा० श्री दिलेन्द्रप्रसाद बडू
३. मा० श्री महन्थ ठाकुर
४. मा० श्री सरिता गिरी
५. मा० श्री दुर्गा पौडेल
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री राजेन्द्र कुमार लिङ्देन
८. मा० श्री भिमबहादुर रावल
९. मा० श्री मिनेन्द्रप्रसाद रिजाल
१०. मा० श्री अनिल कुमार झा
११. मा० श्री कृष्णभक्त पोखेल
१२. मा० श्री पुष्पा भुसाल (गौतम)
१३. मा० श्री जनार्दन शर्मा
१४. मा० श्री गगन कुमार थापा
१५. मा० श्री सुरेन्द्र प्रसाद पाण्डे

तत्पश्चात मा० अर्थमन्त्री डा० युवराज खतिवडाले “आ.व. २०७७/०७८ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) प्रस्तुत गर्नुहुँदै उक्त प्रस्तावमाथि छलफल गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०७७/०७८ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफल २०७७ वैशाख २९ र ३० गते हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७७ साल वैशाख २९ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी दिनको १२:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव